बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

काभ्रेपलान्चोक
नेपाल

प.स. २०८१/०८२
च.न १६०

फोन नं- ०११६६१४९२ Gmail- picukavre@gmail.com

मिति:२०८१।०४।१७

विषयः सुचना टाँस गरी सहयोग गरीदिनु हुन ।

श्री धुलिखेल नगरपालिका, नगरपालिकाको कार्यालय काभ्रे
श्री बनेपा नगरपालिका, नगरपालिकाको कार्यालय बनेपा काभ्रे
श्री पनौती नगरपालिका, नगरपालिकाको कार्यालय पनौती काभ्रे
श्री मण्डनदेउपुर नगरपालिका, नगरपालिकाको कार्यालय मण्डनदेउपुर काभ्रे
श्री नमोबुद्द नगरपालिका, नगरपालिकाको कार्यालय नमोबुद्द काभ्रे
श्री पाँचखाल नगरपालिका, नगरपालिकाको कार्यालय पाँचखाल काभ्रे
श्री रोशी गाउँपालिका, गाउँपालिकाको कार्यालय रोशी काभ्रे
श्री तेमाल गाउँपालिका, गाउँपालिकाको कार्यालय तेमाल काभ्रे
श्री खानीखोला गाउँपालिका, गाउँपालिकाको कार्यालय खानीखोला काभ्रे
श्री महाभारत गाउँपालिका, गाउँपालिकाको कार्यालय महाभारत काभ्रे
श्री चौरीदेउराली गाउँपालिका, गाउँपालिकाको कार्यालय चौरीदेउराली काभ्रे
श्री भुम्लु गाउँपालिका, गाउँपालिकाको कार्यालय भुम्लु काभ्रे

प्रस्तुत विषयमा यस कार्यालयबाट सीप विकास तालिम सञ्चालन हुने भएकोले सूचना टाँसको लागि तहाँ पठाइएको छ । सुचना टाँस गरी आवश्यक सहयोग गरी दिनु हुन अनुरोध छ ।

..............................
(बद्रीबहादुर पाठक)
कार्यालय प्रमुख

नि:शूल्क सीप सिकौं आत्मनिर्भर बनौं

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
फोन नं. ०११-६६१४९२

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक नेपाल

## सीप विकास तालिम संचालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०४/२० गते)

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक नेपालद्वारा यस आ.व. २०८१/०८२ को २०८१ भदौदेखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरु सञ्चालन हुने भएकोले ईच्छुक आवेदकहरुले आवेदन फारम भरी बुझाउन यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । प्रशिक्षार्थीहरुबाट तालिम बापत कुनै शुल्क लिइने छैन र तालिम संचालनको लागि उपकरण, आवश्यक सामाग्रि कार्यालयले बेहोर्ने छ ।

**१. सामाजिक विकास कार्यालय, धुलिखेल- ५ काभ्रेपलाञ्चोकमा संचालन हुने तालिमहरु:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान र समय |
|---|---|---|---|---|---|---|
| १. | केश श्रृगांर तथा सौन्दर्य बेसिक | ३ महिने/३९० कार्य घण्टा | ३० | ८ कक्षा उतिर्ण | २०८१/०५/११ गते विहान ११ बजे देखि | श्रीखण्डपुर प्रा.वि. धुलिखेल-५ काभ्रे साविकको सामाजिक विकास कार्यालय धुलिखेल-५ काभ्रे कार्यालय समय |
| २. | सिलाई कटाई बेसिक | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतिर्ण | २०८१/०५/१२ गते विहान ११ बजे देखि | |
| ३. | प्लम्बिङ्ग | ३ महिने/३९० कार्य घण्टा | २५ | ८ कक्षा उतिर्ण | २०८१/०५/१३ गते विहान ११ बजे देखि | |
| ४. | विद्युत जडान | ३ महिने/३९० कार्य घण्टा | २५ | ८ कक्षा उतिर्ण | २०८१/०५/१३ गते विहान ११ बजे देखि | |

तालिम सञ्चालन हुने स्थान पछि तोकिनेछ ।

तालिम लिन ईच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरु:

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टांसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८१/०५/०२ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म कार्यालयमा पेश गर्नुपर्नेछ । तालिमको अर्न्तवार्ताका लागि तोकिएको मितिमा सामाजिक विकास कार्यालय, धुलिखेल- ५ काभ्रेपलाञ्चोकमा आफ्नो सक्कल कागजात सहित उपस्थित हुनुपर्ने छ ।

२. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम सञ्चालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।

३. तालिममा गरिब, विपन्न, दलित, महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ ।

४. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारीरिक र मानसिक रुपमा स्वस्थ र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वाताबाट गरिनेछ । एक समुहमा औसत १५-२५ जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ ।

५. सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा दैनिक औसत ५ देखि ६ घण्टा तालिम सञ्चालन गरिनेछ ।

बद्रीबहादुर पाठक
इकाइ प्रमुख